# ढकारी गाउँपालिका

# स्थानीय तहको आर्थिक ऐन - २०७५

कार्यपालिकाबाट स्विकृत मिति : २०७५/०३/२१

**ढकारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**ढकारी अछाम ७ नं. प्रदेश नेपाल**

# स्थानीय तहको आर्थिक ऐन-२०७५

## ढकारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ढकारी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि ढकारी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** गाउँपालिका क्षेत्रभित्र **अनुसुची १** बमोजिम एकीकृत/सम्पत्तीकर/घरजग्गा कर लगाइने र असुलउपर गरिनेछ ।

३. **भूमी कर (मालपोत ):** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गको उपभोगका आधारमा अनुसुची २ वमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५ वमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५ वमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५ वमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गा मा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफटिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वयिक सम्पदा उपयोग गरे बापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूचि -२**

दफा ३ सँग सम्बन्धित

**भूमि/ मालपोत कर**

| सि.नं. | विवरण | चालू आ.व.०७४/०७५ | आ.व. २०७५।०७६ | कैफियत |
|---|---|---|---|---|
| १ | मालपोत कर प्रतिरोपनी | ५ | ७ | |

अनुसुचि- ३

दफा ४ सँग सम्बन्धित

**घर जग्गा वहाल कर**

| सि.नं. | विवरण | चालू आ.व.०७४/०७५ | आ.व. २०७५।०७६ | कैफियत |
|---|---|---|---|---|
| १ | घर वहाल कर (आम्दानीको) | १० प्रतिशत | १२ प्रतिशत | |

अनुसुचि- ४

दफा ५ सँग सम्बन्धित

**व्यवसायिक कर वार्षिक**

| **सि.नं.** | **विवरण** | **चालू आ.व.०७४/०७५** | **आ.व. २०७५।०७६** | **कैफियत** |
|---|---|---|---|---|
| १ | चिया नास्ता साना किराना सामान्य कष्मेटिक पसल | ५०० | १००० | |
| २ | रेष्टुरेण्ट लज एण्ड होटल | ५००० | ५००० | |
| ३ | मासु पसल | १००० | १५०० | |
| ४ | मदिरा डिलर | २००० | ४००० | |
| ५ | मदिरा खुद्रा | १५०० | २५०० | |
| ६ | किराना पसल खुद्रा | १००० | १००० | |
| ७ | किराना पसल थोक | - | ३००० | |
| ८ | तयारी पोशाक पसल | - | १५०० | |
| ९ | काचो कपडा पसल | - | १५०० | |
| १० | तयारी पोशाक/काचो कपडा पसल | १५०० | २५०० | |
| ११ | स्टेशनरी तथा खेलकूद सामग्री पसल | १००० | २००० | |
| १२ | ब्यूटी पार्लर | ५०० | १००० | |
| १३ | हेयर कटिङ्ग सेण्टर | ५०० | १००० | |
| १४ | भाडा पसल | १२०० | २००० | |
| १५ | हार्ड वेयर पसल | २००० | ३००० | |
| १६ | मोटरसाइकल वर्क सप | ८०० | १००० | |
| १७ | गाडी जीप ट्रयाक्टर | १५०० | २००० | |
| १८ | सामान्य औषधी पसल | ७०० | २००० | |
| १९ | ल्याव एक्सरे सहितको मेडिकल | २१०० | ३००० | |
| २० | सुनचाँदी पसल सानो | २१०० | २५०० | |
| २१ | सुनचाँदी पसल ठूलो | २५०० | ३००० | |
| २२ | गल्ला खरिद पसल (पटके) | - | १००० | |
| २३ | सिलाइ सेण्टर ठूलो | १००० | १५०० | |
| २४ | सिलाइ सेण्टर सानो | ५०० | ७०० | |
| २६ | निर्माण व्यवसायिक कर क वर्ग | २५००० | ३०००० | |
| २७ | निर्माण व्यवसायिक कर ख वर्ग | २०००० | २५००० | |
| २८ | निर्माण व्यवसायिक कर ग वर्ग | १५००० | २०००० | |
| २९ | निर्माण व्यवसायिक कर घ वर्ग | १०००० | १५००० | |
| ३० | फर्निचर उद्योग/व्यवसाय | ५००० | ८००० | |
| ३१ | खाद्य उद्योग पाउरोटी, चाउमिन चाउँचाउँ | ७०० | १५०० | |
| ३२ | लघु जलविद्युत प्रतिकिलो वाट | १२५ | २२५ | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | कुटानी पिसानी पेलानी मिल | १५०० | २००० | |
| ३४ | क्रसर उद्योग | २२००० | २५००० | |
| ३५ | अन्य उद्योग | १२०० | १५००० | |
| ३६ | इट्टा टायल उद्योग | ५००० | ७००० | |
| ३७ | माछा मार्ने अनुमती खोला | १०० | १०० | |
| ३८ | माछा मार्ने अनुमती नदी | १००० | १००० | |
| ३९ | गिट्टी वालुवा प्रति ट्राली | ६०० | १००० | |
| ४० | सिलेट पत्थर निकासी प्रति गोटा | १ | २ | |
| ४१ | ढुँगा निकासी अनुमती पत्र | २०० | ५०० | |
| ४२ | गैर सरकारी संस्था दर्ता सिफारिस | २५०० | ३००० | |
| ४३ | अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता सिफारिस | ५००० | ७००० | |
| ४४ | क्लव, आमा समूह, वाल समूह, दर्ता सिफारिस | ४०० | २०० | |
| ४५ | विद्‌युत जडानका लागि सिफारिस | २५० | ३०० | |
| ४६ | रोहवरमा वसी कामकाज गरेको न्युनतम (मुचुल्का) | २५० | ३०० | |
| ४७ | पशु व्यवसाय फर्म दर्ता | ५०० | ५०० | |
| ४८ | पशु व्यवसाय प्रतिगोटा | ५ | ५ | |
| ४९ | टेलिफोन नेटवर्क टावर अनुमति/ सिफारिस | ५००० | ८००० | |
| ५० | बोडिङ्ग स्कूल अनुमति/ सिफारिस | १०००० | १०००० | |
| ५१ | वोडिङ्ग स्कूल कक्षा वृद्दि सिफारिस | ५००० | ५००० | |
| ५२ | बोडिङ्ग स्कूल ठाउँसारी सिफारिस | २५०० | २५०० | |
| ५३ | बोडिङ्ग स्कूल आधारभूत अनुमति | ५००० | ५००० | |
| ५४ | बोडिङ्ग स्कूल माध्यमिक तह अनुमति | १०००० | १०००० | |
| ५५ | लघुवित्त कम्पनी दर्ता अनुमती | ५००० | ५००० | |
| ५६ | सहकारी संस्था दर्ता अनुमती | ५०० | ५०० | |
| ५७ | बैंक तथा वित्तीय संस्था क बर्ग दर्ता अनमती | १३००० | १५००० | |
| ५८ | बैंक तथा वित्तीय संस्था ख बर्ग | ९५०० | १०००० | |
| ५९ | बैंक तथा वित्तीय संस्था ग बर्ग | ७००० | ७००० | |
| ६० | बैंक तथा वित्तीय संस्था घ बर्ग | ५००० | ५००० | |
| ६१ | घरजग्गा कारोवार प्रतिआना सिफारिस | १०० | १०० | |
| ६२ | पेट्रोल डिजेल ड्रममा विक्री गर्ने अनुमती/ सिफारिस | ५०० | १००० | |
| ६३ | मोवाइल पसल अनुमती/ सिफारिस | १२०० | १५०० | |
| ६६ | घडी रेडियो पसल अनुमती/ सिफारिस | ५०० | ८०० | |
| ६५ | विद्‌युतीय सामान विक्री | १००० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| | पसल | | | |
| ६६ | हार्डवेयर/ सप्लायर्स पसल | ५००० | ७००० | |
| ६७ | अपसेट प्रेस | २००० | २००० | |
| ६८ | **विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| **क** | चिकित्सक | १००० | १५०० | |
| **ख** | कविराज बैद्य | १००० | १५०० | |
| **ग** | इन्जिनियर | १००० | १५०० | |
| **घ** | कानुन व्यवसायि | १००० | १५०० | |
| **ङ** | लेखा परीक्षक | १००० | १५०० | |
| **च** | दन्त चिकीत्सक | १००० | १५०० | |
| **छ** | अनुसन्धान कर्ता र परामर्श दाता | ५०० | १००० | |
| **ज** | पशु चिकित्सक | ५०० | १००० | |
| **झ** | विमा एजेण्ट | ५०० | १००० | |
| **ञ** | घर नक्सा डिजाइन गर्ने कन्सलटेन्सी | १००० | ५००० | |
| ६९ | फोटोग्राफी/ भिडियो रेकडर | २०० | २००० | |
| ७० | एफएम रेडियो सटेशन क्षमताको आधारमा | २०००-५००० | २०००-५००० | |
| ७१ | **सवारी साधन प्रवेश शुल्क (पट्के)** | | | |
| **क** | बस | | १०० | |
| **ख** | टिप्पर/ट्रक | | ७० | |
| **ग** | ट्र्याक्टर | | ६० | |
| **घ** | जीप | | ५० | |
| ७२ | कुखुरापालन ५०० सम्म व्यवसाय दर्ता | २५० | ५०० | |
| ७३ | कुखुरापालन ५०१-१००० सम्म | ५०० | १००० | |
| ७४ | बाख्रापालन व्यवसाय दर्ता भएका ५० सम्म | ५०० | १००० | |
| ७५ | बाख्रापालन व्यवसाय दर्ता भएका ५० देखि माथि | १००० | १५०० | |
| ७६ | तरकारी पसल दर्ता | | ५०० | |

अनुसूची ५

दफा ६ सँग सम्बन्धित

**जडिबुटी, कवाडी जिवजन्तु कर**

ऊन, जडिबुटी, वनकस, कवाडी माल, जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाख, छाला, जस्ता वस्तुको व्यवसाय कारोबारो गरे वापत प्रति एकाई प्रति पटक रु.२०।- जडिबुटी, र जिवजन्तु कर लाग्ने । कवाडी मालसामानको हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

क) कागज जन्य सामानको लागि प्रति किलोग्राम रु. २।-

ख) फलामजन्य सामानको लागि प्रति किलोग्राम रु. २।-

ग) स्टीलजन्य सामानको लागि प्रति किलोग्राम रु. २।-

घ) खाली बोतल, शिशि तथा अन्यका हकमा प्रति किलोग्राम रु ५ ।-

अनुसूची ६

दफा ७ सँग सम्बन्धित

# सवारी कर

**बार्षिक सवारी कर निम्नानुसार हुने :**

क) ईन्जिनबाट चल्ने जुन सुकै दुई पाङग्रे मोटरसाईकल, स्कुटर वा यस्तै सवारी साधनको बार्षिक रु. एक सय

ख) कार, जीप, भ्यान वा यस्ते चार पाङग्रे सवारी साधनको बार्षिक रु.एक हजार,

ग) टेम्पु, ट्याक्टर वा यस्ते सवारी साधनको बार्षिक रु. एक हजार पाँच सय,

घ) मिनी बस, मिनी ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको लागि बार्षिक रु दुई हजार,

ङ) ठूला बस, ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको बार्षिक रु.दुई हजार पाँच सय,

च) हेभी गाडी, डोजर, क्रेन वा यस्तै सवारी साधनको बार्षिक रु.पाँच हजार,

छ) अन्य सवारी साधनको बार्षिक रु.पाँच सय, विद्यूतीय उर्जाबाट र कृषि कार्यमा संचालन हुने सवारी साधनको हकमा उक्तमा तोकिएको दरको ५०% छुट हुने ।

## अनुसूची ७

## दफा ८ सँग सम्बन्धित

# विज्ञापन कर

**क) विज्ञापन कर निम्नानुसार हुने :**

१) भवनको झ्याल, ढोका छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाईने छैन ।

२) सार्वजनिक बाटो, सँधियारको सिमाना, सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाईने छैन ।

३) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएको जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनकुनै तस्विर वा अक्षरको विज्ञापन कर छुट नहुने ।

४) भवन, जमीन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनकुनै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट नहुने ।

५) सूर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा ढकारी गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाईने छैन ।

**ख) विज्ञापनको करको दर :**

१) होडिङ्ग बोर्ड १० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु.२०।

२) होडिङ्ग बोर्ड २० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु.३०।-

३) भित्तेलेखन प्रति स्क्वायर फिट रु.१५।-

४) विद्यूत वा टेलिफोनका पोलमा राखिएका प्रति बोर्डमा रु. २५०।

५) फ्लेक्सबाट तयार गरिएको ब्यानरमा १० स्क्वायर फिट सम्मलाई रु.४००। सो भन्दा माथीको लागि रु.६००।

६) अस्थायी रुपमा पोलमा लगाइएका ब्यानर प्रति दिन रु.१०।-

७) अस्थायी रुपमा सडक वारपार गरी लगाइएका ब्यानर प्रतिदिन रु.२०।- यस्तो ब्यानर बढीमा पन्ध्र दिनका लागि मात्र लगाउन पाईनेछ त्यसपछि उक्त ब्यानर सम्बन्धित संस्था वा व्यक्ति उठाई लैजानु पर्नेछ ।

८) मालवाहक सवारी साधनको दायाँवायाँ पट्टीको भागमा अधिकतम् दश स्क्वायर फुट सम्मको लागि प्रतिदिन रु.५०।- र अस्थायी रुपमा लेखिएको वा छापिएको पर्चा सामाग्रीको लागि प्रति वर्ष प्रति वर्ग फुट रु.२५।- ।
९) खेलकुद मैदान, मेला, जात्रा पर्व र यस्तै प्रकृतीका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम् बिस स्क्वायर फुट सम्मको प्रति दिन रु.५०।-
१०) अन्यको हकमा प्रति वर्ग फुट प्रति बर्ष रु.१००।-

## अनुसूची ८

## दफा ९ सँग सम्बन्धित

## मनोरन्जक कर

१. मेला, जात्रा तथा महोत्सव शुल्क रु. एक हजार
२. तीन महिना भन्दा वढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायिक कार्यक्रम सञ्चालन गरे वापत मासिक रु एक हजार पाँच सय

## अनुसूची ९

## दफा १० सँग सम्बन्धित

## बहाल विटौरी शुल्क

## अनुसूची १०

## दफा ११ सँग सम्बन्धित

## पार्किङ्ग शुल्क

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी कुनै पनि सडकको कुल चौडाईको पच्चीस प्रतिशत भन्दा बढी भाग नओगटीने गरी भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा नीजि क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्था गर्न सकिने ।
यस सम्बन्धि पार्किङ्ग शुल्क लिने व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| १ | बस, ट्रक, टयाक्टर प्रति घण्टा | ४० | |
| २ | थप प्रति घण्टा | २० | |
| ३ | मिनि बस, माइक्रो बस, जिप, कार प्रति घण्टा | २० | |
| ४ | थप प्रति घण्टा | १५ | |
| ५ | घर खालि गराउदा प्रति दिन | | |
| ६ | कूटानी पिसानी मिल सिफारिश | १००० | |
| ७ | कूटानी पिसानी मिल सिफारिश एबं बिक्री | १५०० | |

| | | | |
|---|---|---|---|
| ८ | स:मिल काठचिरानी दर्ता | ४५०० | |
| ९ | स:मिल काठचिरानी सिफारिश | १००० | |
| १० | डेरी उधोग दर्ता | ७५० | |
| ११ | डेरी उधोग सिफारिश | १५० | |
| १२ | व्यक्तिगत ब्यबसाय नबिकरण प्रति लाख | १०० | |
| १३ | संस्था व्यवसाय नविकरण प्रति लाख | २०० | |
| १४ | नाथर, जन्ममिति संशोधित सिफारिश | १०० | |
| १५ | ब्यबसाय दर्ता रु.५०००00 सम्म | ५०० | |
| १६ | ब्यबसाय दर्ता रु.५०००00 सम्म माथि | १००० | |
| १७ | ब्यबसाय नबिकरण ५,००,०००। सम्म | १०० | |
| १८ | ब्यबसाय नबिकरण ५,००,०००। भन्दा माथि | २०० | |
| १९ | पिछडिएको क्षेत्र सिफारिश दस्तूर | १०० | |
| २० | खाता संचालन सिफारिश दस्तुर | ३०० | |
| २१ | खाता बन्द सिफारिस दस्तूर | ५०० | |
| २२ | वजेटका आधारमा अन्य कार्यालयको योजना सिफारिस | ०.५ प्रतिशत | |

अनुसूची ११

दफा १२ सँग सम्बन्धित

**ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पीङ्ग, जिपफ्यार र ऱ्याफ्टीङ्ग शुल्क**

यस सम्बन्धि व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसूची १२

दफा १३ सँग सम्बन्धित

सेवाशुल्क दस्तुर

**ढकारी गाउँपालिका कार्यालय, अछाम**

**आ.व.०७४/०७५ को लागि प्रस्तावित सिफारिस तथा मूल्याङ्कन सेवा शुल्क**

अनुसूची १३

दफा १४ सँग सम्बन्धित

सेवा शुल्क दस्तुर

| सि.नं. | विवरण | चालु आ.व. २०७४□०७५ | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तूर | रु. १० टिकट | |
| | शिफारिस दस्तुर | | |
| १ | अग्रेजीमा गरिने सबै शिफारिस | १५० | |
| | नेपालीमा गरिने निम्नानुसारका शिफारिसहरुको दस्तूर | | |
| १ | नागरिकता शिफारिस | ५० | |

| | | | |
|---|---|---|---|
| २ | नागरिकता प्रतिलिपि शिफारिस | १०० | |
| ३ | नाता प्रमाणित | १०० | |
| ४ | नाता कायम | १०० | |
| ५ | पारिवारिक विवरण | १०० | |
| ६ | बसोवास प्रमाणित | १०० | |
| ७ | नाबालक शिफारिस | ५० | |
| ८ | जन्म मिति प्रमाणित | ५० | |
| ९ | वैवाहिक सम्बन्ध प्रमाणित | ५० | |
| १० | अविवाहित प्रमाणित | ५० | |
| ११ | व्यक्तिगत प्रमाणित | १०० | |
| १२ | चारित्रिक प्रमाणित | १०० | |
| १३ | सम्बन्ध विच्छेद प्रमाणित | १०० | |
| १४ | खानेपानी ,विद्यूत मिटर, टेलिफोन जडान, नामसारी ठाउं सारी (आवासिय) सिफारिस | १०० | |
| १५ | खानेपानी ,विद्यूत मिटर, टेलिफोन जडान, नामसारी ठाउ सारी (व्यवसायिक) सिफारिस | १५० | |
| १६ | प्रति रुख कटान शिफारिस | १५० | |
| १७ | घरेलु तथा साना उद्योगको सरजमिन तथा शिफारिस | ५०० | |
| १८ | मझौला उद्योगको शिफारिस | २५०० | |
| १९ | व्यवसाय बन्द तथा नाम परिवर्तन | ५०० | |
| २० | मदिरा व्यवसाय शिफारिस (खूद्रा) | ५००० | |
| २१ | मदिरा व्यवसाय शिफारिस (थोक) | १०००० | |
| २२ | वडा सरजमिन | १०० | |
| २३ | वडा सिफारिस | ५० | |
| २४ | होटल दर्ताको शिफारिस | १००० | |
| २५ | पटके शिफारिस | ३०० | |
| २६ | माथि उल्लेखित शिर्षकमा नपरेका सिफारिसहरु | १५० | |
| १ | पहिलो कित्ता □ १ रोपनी | १०० | |
| २ | पहिलो कित्ता पछि थप प्रति रोपनी | २५ | |
| ३ | टेस्रा नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | २०० | |
| ४ | टेस्रा नक्सा प्रमाणित ⁄ प्रति कित्ता | १०० | |
| ५ | उजूरी निवेदन दस्तूर | १०० | |
| ६ | मिलापत्र दस्तुर | १००० | |
| ७ | जग्गा दर्ता वा नामसारी शिफारिस प्रति रोपनी | २५ | |
| ८ | राजिनामा, बकसपत्र शिफारिस | ५०० | |
| ९ | घरबाटो शिफारिस एक कित्ता | २०० | |
| १० | घरबाटो शिफारिस थप प्रति कित्ता | १०० | |
| ११ | अमिन खटन दस्तुर प्रति कित्ता | २०० | |
| १२ | घर नक्सा नामसारी | ५०० | |
| १३ | घर जग्गा मूल्याकन एक लाख सम्मको | १५० | |
| १४ | थप प्रति लाखको | १०० | |

| | | | |
|---|---|---|---|
| १५ | नक्सापास फारम दस्तुर | ४०० | |
| १६ | आय स्रोत प्रमाणित प्रति लाख | १५० | |
| १७ | निजि विद्यालय अपग्रेड | ६०० | |
| १९ | आधारभूत तह | १००० | |
| २० | माध्यमिक | १५०० | |
| २२ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५० | |
| २३ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | १०० | |
| २४ | चौपाय निकासी दस्तुर प्रति गोटा | १०० | |
| २५ | विभिन्न समुह, संघ, सस्था, क्लब, इस्टीचयूट आदि दर्ता शिफारिस | ५०० | |
| २६ | कूटानी पिसानी मिल सिफारिश | १००० | |
| २७ | कूटानी पिसानी मिल सिफारिश एबं बिक्री | १५०० | |
| २८ | स:मिल काठचिरानी दर्ता | ४५०० | |
| २९ | स:मिल काठचिरानी सिफारिश | १००० | |
| ३० | डेरी उधोग दर्ता | ७५० | |
| ३१ | डेरी उधोग सिफारिश | १५० | |
| ३२ | व्यक्तिगत ब्यबसाय नबिकरण प्रति लाख | १०० | |
| ३३ | संस्था व्यवसाय नविकरण प्रति लाख | २०० | |
| ३४ | नाथर, जन्ममिति संशोधित सिफारिश | १०० | |
| ३५ | ब्यबसाय दर्ता रु.५०००००० सम्म | ५०० | |
| ३६ | ब्यबसाय दर्ता रु.५०००००० सम्म माथि | १००० | |
| ३७ | ब्यबसाय नबिकरण ५,००,०००। सम्म | १०० | |
| ३८ | ब्यबसाय नबिकरण ५,००,०००। भन्दा माथि | २०० | |
| ३९ | पिछडिएको क्षेत्र सिफारिश दस्तूर | १०० | |
| ४० | खाता संचालन सिफारिश दस्तुर | ३०० | |
| ४१ | खाता बन्द सिफारिस दस्तूर | ५०० | |
| ४२ | वजेटका आधारमा अन्य कार्यालयको योजना सिफारिस | ०.५ प्रतिशत | |

अनुसूची १३

दफा १४ सँग सम्बन्धित

**पर्यटन प्रवेश शुल्क**

यस सम्बन्धि व्यवस्था ढकारी गाउँपालिकाले तोके वमोजिम हुनेछ